आज मिति २०८१ साल जेठ महिनाको २९ गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष **श्री तम बहादुर पौडेल** ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको **५६औं** बैठक बसी तपसिल बमोजिमका प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| क्रं स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तम बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री दिर्घ बहादुर बुढाथोकी | का.बा. अध्यक्ष वडा नं. २ | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | श्री दान बहादुर ऐडी | प्रमुख प्रशासकीय अधिकृत | |
| आमन्त्रित तथा सहयोगी कर्मचारीहरु | | | |
| १९ | श्री गणेश कुं. लामिछाने | ले.अ. | |
| २० | श्री राम तिलक थापा | प्र.के.अ. | |

# मिति २०८२ साल जेठ २९ गते बसेको कार्यापालिकाको बैठकको निर्णय

निर्णय नं १. यो भन्दा पहिले बसेको कार्यपालिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो र भए गरेका कार्य सम्पादनहरु सन्तोषजनक भएको पाइयो |सम्पन्न नभएका कामहरु यथाशिघ्र गर्न निर्देशन दिने निर्णय गरियो |

निर्णय नं २. आगामी आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम ,बार्षिक बजेट तथा कार्यक्रमको तयारीको लागि सबै वडाबाट बस्तीबाट प्रस्ताब भएका आयोजना तथा कार्यक्रम यथाशिघ्र गाउपालिकाको बिषयगत समिति हुदै एकीकृत योजना तर्जुमा समितिमा पेश गर्न सबै बिषयगत समितिले सक्रियतापूर्वक काम थालनी गर्ने र गाउसभाको १७ औ अधिबेशन २०८२ असार १० गते बिहान ९.०० बजे आह्वान गर्ने सर्बसहमतिले निर्णय गरियो |

निर्णय न.३ संघिय सरकारको बजेट बक्तब्य संगै यस गाउपालिकालाई आगामी आर्थिक बर्ष २०८२/०८३ मा प्राप्त हुने बजेट तथा कार्यक्रमको बारेमा बैठकमा छलफल गरियो |

निर्णय न ४ बिबिध निर्णयहरु देहाय अनुसार गरियो :

क) नं ४२ रिजर्भ गण हेडक्वाटर शम्सेरगन्जको बाटो ढलान गर्ने कामको लागि सिमेन्ट खरिद गरि बिल सहितको भुक्तानीको लागि अनुरोध भइ आएकोले ५० बोरा सिमेन्टको रकम सम्बन्धित ब्यबसायीलाई पालिकाको साझेदारी कोष शीर्षकबाट भुक्तानी दिने |

ख) जिल्ला सभाको निर्णय अनुसार जिल्ला समन्वय समितिको कार्यालयमा पूजा गर्ने पुजारीको लागि रु १५ हजार खर्च भुक्तानी गर्ने |

ग ) सशस्त्र प्रहरी बल नेपाल नं ४२ रिजर्भ गण हे. शम्शेरगंजको पार्बिधिक सहयोगमा संचालन गर्ने विपद स्वयम् सेवक परिचालन १८ दिने तालिमको लागि बी group बाके , कारितास नेपालले व्यहोर्ने रकममा नपुग हुने रकम गाउपालिकाको विपद ब्यबस्थापन बजेट शीर्षकबाट सम्झौता बमोजिम भुक्तानी गर्ने |

घ ) नेकपा एकीकृत समाजबादी बाकेले अधिबेशनको लागि आर्थिक सहयोग माग माग गरेकोमा रु २० हजार , नेकपामा एमाले बाकेले आर्थिक सहयोग माग गरेकोमा रु २० हजार सहयोग गर्ने |

ङ) यस गाउपालिकाको वडा नं २ सिक्टा बाध आसपासको क्षेत्रमा पार्क निर्माण तथा स्तरउन्नति कार्य लगायत अगैयाको शबस्थल सम्म राप्ति नदिको लागि प्रारम्भिक वातावरणीय परिक्षणको कार्य सुची (TOR) स्वीकृत गर्ने र सो को खरिद प्रक्रियाको प्रारम्भ गर्ने |

२०८२/२/२९
प्रमुख प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

च ) भुमि समस्या समाधान आयोग जिल्ला बाकेको माग र सो आयोगको जिल्लामा भएको संयुक्त बैठकको निर्णय अनुसार सो समितितिको संचालन तथा ब्यबस्थापनको लागि १ लाख अनुदान सम्बन्धित बजेट शीर्षकबाट दिने ।

छ) जनताको तटबन्धन कार्यक्रम लमही दाङ्ग को मिति २०८२/०२/२३ च नं ४१३ को सहजीकरण सम्बन्धि पत्र यो बैठकमा जानकारी भयो |

ज ) मालपोत कार्यालय कोहलपुरको मोठ binding र मालपोत कार्यालय नेपालगन्जको ब्यबस्थपनको लागि सहयोग माग भएकोले भुमि सम्बधि बजेट शीर्षकबाट १/१/ लाख गरि २ लाख सहयोग गर्ने |

झ ) बा २ झ ४१५२ जिप को मर्मतको लागि शुभम मोटर पार्ट्स नेपालगंज रु ९९६४९|, गनापुर अतोपार्ट्स १११७५५२ |, भे १ झ ३२७ को जिप मर्मतको लागि १३६८६५ | र भे १ झ ३०० को जिप मर्मतको लागि १३९३९१| शुभम मोटर पार्ट्स , भे १ ग १४८ को रोलर मर्मतको लागि ४३७८८ , ग्रेडर बा १ ग ३५३२ को मर्मतको लागि २५७८०९| महाकाली पाइप सेन्टर नेपालगंज लाइ स्वीकृत बजेटको परिधि भित्र रही नियमानुसार रकम भुक्तानी दिने |

ञ) महादेबपुरी कचनापुर खानेपानी तथा सरसफाई उपभोक्ता समिति राप्ति सोनारी वडा नं ८ ले सो समितिले प्रयोग गर्दै आएको जग्गा भोग अधिकारको लागि सिफारिस मागको पत्रानुसार जिल्ला बन डीभिजन कार्यालय बाकेमा भोग अधिकारको लागि नियमानुसार प्रक्रिया बढाई दिनको लागि सिफारिस गर्ने निर्णय गरियो |

ट )गैर सरकारी संस्था महासंघ नेपाल बाके शाखाको माग अनुसार १५ हजार सहयोग गर्ने |

ठ ) कृषि विकास शाखाको बार्षिक स्वीकृत कार्यक्रम र बजेट तथा पालिका भित्रका सहकारी संस्थाहरुको साझेदारीमा उपयुक्त स्थानमा धान दिवसको कार्यक्रम आयोजना गरि मनाउने |

ड) यस गाउपालिकाको खाध तथा पोषण सुरक्षा रणनीतिक योजना ( २०८१/०८२-२०८५/०८६ ) को यस बैठकमा छलफल गरि स्वीकृत गरियो र काम सम्पन्न भइ योजनाको लुम्बिनी प्रदेश सरकारका कृषि मन्त्रि ज्युबाट विमोचन गराएको यो बैठकमा जानकारी भयो सो काममा संलग्न संस्थालाई सम्झौता अनुसार बाकि रकम सम्बन्धित शीर्षकबाट भुक्तानी दिने |

ढ ) यस राप्ति सोनारी गाउपालिका वडा नं २ बस्ने कुल बहादुर केसीले नदिजन्य पदार्थ उठाई लैजान दिएको निबेदन अनुसार प्राबिधिक सम्बन्धित स्थानमा खटाइ प्रतिबेदन प्राप्त भएमा नियमानुसार राजस्व लिई अनुमति दिने |

ण) वडा नं ८ को मिति २०८२/२/२७ को पत्रानुसार उक्त वडाको बार्षिक बजेटबाट पेरानी गाउ तथा खल्ला गाउको लागि सिचाई ब्यबस्था गर्नको लागि थ्री फ्रेज को लाइन जडानको लागि इन्धन शिर्षकको बजेटबाट भुक्तानी गर्न अनुमति दिने |

२०८२/४/२५

प्रमुख प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

त) यस गाउपालिकाको देहायका बिभिन्न ब्यक्तिहरुको आगलागी, हावाहुरी र मृत्यु भएकोले राहत रकम सहयोग गर्ने

| क्रसं | नाम थर | ठेगाना | रकम | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | ठगु थारु | रा.सो. ३ | १०००० | ९८६८६८०२०३ | राप्ती नदिमा डुबेर मृत्यु |
| २ | चैनु राम थारु | रा.सो. २ | ५००० | ९८४८२१८५१२ | हावाहुरीले घर |
| ३ | विपना वली | रा.सो. ९ | ५००० | | हावाहुरीले घर |
| ४ | फताहु थारु | रा.सो. ६ | ७००० | ९८६१३८४७३२ | घरमा आगलागी |
| ५ | गोलु थापा मगर | रा.सो. ६ | ७००० | | हावाहुरीले जस्तापाता |
| ६ | राम लाल थारु | रा.सो. ७ | ८००० | | घर आगलागी |
| ७ | चित्र बहादुर बुढा | रा.सो १ | १०००० | ९७४४२६३४७३ | मृत्यु भएकोले किरिया खर्च दिने |

थ) नरैनापुर गाउपालिकाको आगलागीमा भएको पिडित परिवारलाई गाउपालिका मार्फत वा सम्बन्धित व्यक्तिलाई प्राप्त हुने गरि प्रति परिवार रु ५ हजारका दरले विपद ब्यबस्थापन बजेटबाट राहत उपलब्ध गराउने ।

द) क्रियटिभ हयान्डस नेपालगंजलाई ५० हजार रकम लागत साझेदारी शीर्षकबाट बजेट उपलब्ध गराउने ।

ध) भुमि समस्या समाधान आयोगको लागि जग्गा नाप जाच गर्ने सर्भेक्षक /अमिन कर्मचारीहरुलाई आफ्नो सवारी साधन भएमा सो प्रमाण संलग्न गरि प्रति महिना (बैशाख देखि ) १० लिटर इन्धन दिने र वडा नं ५ को लागि दैनिक ज्यालादारीमा वडाले रेकर्ड राख्ने गरि काममा लगाउने र रकम भुक्तानीको लागि सिफारिस गर्ने साथै सो रकम भुमि समस्या समाधानको लागि विनियोजित बजेट बाट दिने ।

न ) रास्ट्रिय दलित पत्रकार संघ नेपालको लुम्बिनी कार्य समितिको माग अनुसार सिकाइ आदान प्रदान कार्क्रमको लागि साझेदारीमा साझेदारी प्रवर्दन शिर्षकबाट ४५ हजार दिने ।

प ) वडा नं ३ को पत्रानुसार बनघुसरि देखि वडा नं ४ को लामिडाडा सम्मको राजकुलो मर्मतको लागि विपद ब्यबस्थापन बजेटबाट १ लाख रकम नियमानुसार भुक्तानी दिने ।

फ) बिकासका लागि हाम्रो प्रयास नेपाल बर्दियाले मानब बन्यजन्तु बिचको असमझदारी बिषयको चेतनामुलक कार्यक्रम संचालन गरेकोमा उक्त संस्थालाई बातावरण बन सॅग सम्बन्धित अन्य दिवस तथा कार्यक्रमबाट १५ हजार भुक्तानी दिने ।

ब) बिकास निर्माणका कामको अनुगमन मुल्यांकनको कामलाई प्रभावकारी बनाउन तथा गुणस्तर कायम गरि यथार्थपरक बनाउन गाउपालिकाको उपाध्यक्षको नेतृत्वमा हुने योजना अनुगमन समितिका सदस्य र अनुगमन कार्यमा पूर्वाधार शाखा प्रमुख वा निजले तोकेको लागत अनुमान तयार गर्ने भन्दा एक तहमाथिको कर्मचारी अनिवार्य सहभागी गराउने|

भ) वडा नं ७ को खल्ला झगडियामा राप्ति नदीले कटान गरि समस्या परेको र उक्त काम नगर्दा झन् बढी क्षति हुने भएकोले उक् तटबन्धन मर्मत सम्भार गर्न ३ लाख विपद ब्यबस्थापनको बजेटबाट खर्च गर्ने |साथै सोहि वडाको गाउ सभाबाट बडकम गड्डीको घर देखि गुरैई गद्दीको घर सम्म बाटो निर्माणमा बिनियोजन भएको २ लाख बजेटबाट काम हुन नसकेकोले सो को सट्टामा, सैयापुर शाखा नहरको मर्मत सम्भारमा खर्च नियमानुसार खर्च गर्न अनुमति दिने ।

दान बहादुर ढेंडी
प्रमुख प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल